# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, पुस ५ गते २०५८ साल ( अतिरिक्ताङ्क ५६ (ग)

## भाग ३

श्री ५ को सरकार

## भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना

### बिर्ता उन्मूलन (छैठौं संशोधन) नियमावली, २०५८

बिर्ता उन्मूलन नियमावली, २०१७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, बिर्ता उन्मूलन ऐन, २०१६ को दफा १३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यी नियमहरूको नाम "बिर्ता उन्मूलन (छैठौं संशोधन) नियमावली, २०५८" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **बिर्ता उन्मूलन नियमावली, २०१७ को नियम ३ख. मा संशोधन**: बिर्ता उन्मूलन नियमावली, २०१७ को नियम ३ख. को सट्टा देहायको नियम ३ख. राखिएको छ ।

"३ख. **कारवाही टुङ्गो लगाउनु पर्ने अवधि**: सम्वत् २०५३ साल आषाढ मसान्तसम्म "ख" श्रेणीको बिर्ता जग्गा दर्ता गराउनको लागि ऐनको दफा ७क. बमोजिम परेको दरखास्त र ऐनको दफा १२क. को प्रतिवन्धात्मक वाक्यांश बमोजिम रैकरमा परिणत गरी जग्गा दर्ता गराउन परेका निवेदनहरू उपर २०५९ साल चैत्र मसान्तभित्र कारवाही टुङ्गो लगाई सक्नु पर्नेछ ।"

आज्ञाले,
अनन्तराज पाण्डे
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारि ... मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

६८८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।